# स्थानीय निर्वाचनको आवश्यकता र औचित्य किन ?

## स्थानिय निर्वाचन किन?

वि.सं. २०५४ जेठमा स्थानीय सरकारको निर्वाचन भएको विदितै छ । वि.सं. २०५९ असारमा निर्वाचित स्थानीय जनप्रतिनिधिको पाँच बर्षे कार्यकाल समाप्त भएपछिको दशक व्यतित भईसकेको छ । स्थानीय निर्वाचन नभएको १५ वर्षको यस अवधिमा लगभग ८० लाख १८ बर्ष पुगेका बालिग मतदाताले स्थानीय निकायको निर्वाचनमा सामेल भै जनप्रतिनिधि छान्ने र निर्वाचित जनप्रतिनिधिमार्फत आफ्नो दिनानुदिनको विकास, सेवा सुविधा प्राप्त गर्ने अधिकारबाट बञ्चित हुनुपरेको छ । बिगत १० वर्ष देखि स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि नहुनुको कारण प्रत्यक्ष अप्रत्यक्ष गरी प्रत्येक वर्ष स्थानीय निकायको निम्ती विनियोजित ५० अरब भन्दा बढी रकमको उपलब्धी प्राप्त हुन सकेको छैन । यस अवस्थामा देहायका मुलभूत कारणले गर्दा तत्काल स्थानीय सरकारको अन्तरिम निर्वाचन गर्नुको अर्को उत्तम विकल्प छैन् ।

१. नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा नै आवधिक निर्वाचनको मान्यताप्रति पूर्ण प्रतिवद्धता व्यक्त गरिएको र राज्यका निर्देशक सिद्धान्तहरु सम्बन्धमा धारा ३४(२) मा 'स्वायत्त शासनको माध्यमद्धारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपयोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुनेछ ।' भन्ने कुरा प्रस्ट उल्लेख भएकाले ।

२. अन्तरिम संविधानको धारा १३९ मा "स्थानीय स्तरदेखि नै जनताका सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रबर्द्धन गर्न र जनतालाई स्थानीय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रिकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको निर्वाचनबाट गठन गरिनेछ" भन्ने प्रष्ट संवैधानिक व्यवस्था भएको तथा धारा १३९ (२) मा निर्वाचन नभएसम्मको लागि संविधानसभामा प्रतिनिधित्व गर्ने पहिलो हुने निर्वाचित हुने निर्वाचनमा भाग लिएका राजनीतिक दलहरुको सहभागितामा स्थानीय निकाय सञ्चालनको व्यवस्था गरिनेछ भन्ने प्रावधान हाल संविधानसभा नै नरहेको अवस्थामा पूर्णत निश्प्रभावी भइसकेकोले ।

३. अन्तरिम संविधानको धारा १४० मा स्थानीय विकासका लागि स्वायत्त शासनसम्बन्धी निकायलाई सक्षम बनाउन साधन र स्रोतको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा न्यायोचित वितरणमा समानता कायम राखी स्थानीय स्तरका योजनाका पहिचान, तर्जूमा र कार्यान्वयनमा सम्बन्धित स्थानीय स्वायत्त शासनसम्बन्धी निकायलाई नै जवाफदेही वनाउन कानूनमा व्यवस्था भए वमोजिम नेपाल सरकार र स्थानीय स्वायत्त शासनसम्बन्धी निकायबीच जिम्मेवारी र राजश्व परिचालन तथा बाँडफाँट हुनेछ भन्ने व्यवस्था भएको र सोको प्रभावकारी कार्यान्वयन हुन नसकेकोले,

४. धारा १२९ मा 'स्थानीय निर्वाचनको संचालन रेखदेख निर्देशन, नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । सो प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।' भन्ने प्रष्ट व्यवस्था भएकोले ।

५. स्थानिय निकायको पुर्नसंरचना गर्नुपर्ने र सो अघि संघीय र प्रदेश व्यवस्थापिका र कार्यकारी अङ्गको निर्वाचन गरेपछिमात्र यो काम थालनी गर्नुपर्ने अवस्थामा नयाँ संविधान आए पनि स्थानीय निर्वाचनका लागि अझै कम्तिमा ४,५ वर्ष पर्खनैपर्ने देखिएकाले । त्यतिवेलासम्म स्थानीय शासनका हालसम्मका उपलब्धी समेत गुम्ने खतरा भएकाले ।

६. हाल राज्य पुनः संरचना गर्दा पहिचान र सामर्थ्यका आधार लिनुपर्ने कुरा सर्वमान्य भैसकेको परिपेक्षमा संघ र प्रदेशको तहले मात्र पहिचान र सामर्थ्यको मुद्दालाई सम्बोधन गर्न नसक्ने प्रष्ट भैसकेको तथा

स्थानीय सरकार मार्फत यस्ता मुद्दाहरुलाई सम्बोधन गर्न सकिने र हालका वहसलाई सकारात्मक दिशातिर मोड्न सहयोग पुग्ने भएकाले ।

७. लोकतन्त्रमा राष्ट्रिय राजनीतिक पार्टीहरु जति बलियो भए त्यतिनै लोकतन्त्रको जग बलियो हुने र राजनीतिक पार्टीको आधारशीला भनेकै स्थानिय पार्टी तह भएकाले सोको प्रभावकारी परिचालन गर्न । हाल राजनीतिक पार्टीका स्थानीय कार्यकर्ताहरु मुद्दा बिहीन भएकोले पनि समाजमा अराजक स्थिति सिर्जना भइरहेको छ । निर्वाचन गर्दा स्वच्छ प्रतिस्पर्धाको संस्कार विकासहुन गई लोकतान्त्रिक अभ्यास तर्फ देशलाई उन्मुख गराउन सकिने भएकाले ।

८. हाल केन्द्र देखि स्थानीय तहसम्म राज्यबिहीनताको अवस्था भई मुलुक झनझन अराजकताको स्थितितिर उन्मुख भएकोले विकास निर्माण तथा जनताको सेवा प्रवाह अवरुद्ध हुनगई जनतामा राज्य र लोकतन्त्रप्रति नै विश्वास टुट्न थालेकोले ।

९. नेपाललाई सहयोग गर्ने दातृ निकायहरुले समेत स्थानीय निकायको निर्वाचन पश्चात मात्र ठूलो मात्रामा विकाश निमार्णमा सहयोग गर्न सकिने मत जाहेर गरेकाले ।

१०. निर्वाचित जनप्रतिनिधी नहुँदा स्थानीय निकायहरुले ऐन नियमबाट प्रदत्त अधिकार अनुसार राजश्वको अभिवृद्धि तथा परिचालन गर्न सकेका छैनन् र राजश्व घट्दो क्रममा छ । स्थानीय प्राकृतिक श्रोत साधनहरु जस्तै, वन, खनिज, ढुङ्गा, गिट्टी, बालुवा, जडिबुटी आदिको अनियन्त्रीत दोहन भैरहेको र संरक्षणमा कमि आइरहेकोले सोको प्रभावकारिताका लागि ।

११. स्थानीय निकायको आवधिक योजना, गुरु योजना तथा वार्षिक योजनामा सहभागितात्मक योजना प्रकृयामा जनप्रतिनिधिको अभावमा प्रभावकारी रुपमा अवलम्बन गर्न सकिएको छैन । हचुवा योजनाले प्रश्रय पाइरहेको छ । गुणस्तरीय र दिगो योजनाबद्ध विकास कमजोर हुँदै गएकाले ।

१२. ठेक्का-पट्टा तथा उपभोक्ता समितिहरुबाट संचालन गरिने विकास कार्यक्रमहरुमा धाक धम्कीका आधारमा गरिने, कानुनको अवज्ञा गर्ने जस्ता घटनाले अनियमितता समेत बढ्दै गएकोले ।

१३. विकाश निमार्णमा जन सहभागिता घट्दै गएकोले ।

१४. धेरै गाविसहरुमा सचिवहरु नहुने वा गाउँमा नबस्ने कारणबाट जनताले एउटा सामान्य सिफारिस लिन समेत सेवा प्रदायक निकाय वा व्यक्तिको खोजी गर्न जिल्ला सदरमुकाम धाउनु पर्ने स्थिति विद्यमान रहेकोले ।

१५. जनप्रतिनिधि नहुँदा जिल्ला, नगर र गाउँमा विकाससँग सम्बद्ध निकायहरु जस्तै विषयगत कार्यालय, सामाजिक संघ-संस्था, सहकारी र गैर सरकारी क्षेत्र सँग समन्वय राम्रो हुन नसकेकोले गर्दा राज्यका केन्द्रीय कार्यक्रम र योजना कार्यान्वयनमा समेत प्रभावकारीता हुन नसकेकोले ।

१६. संविधान निर्माण र राज्य पुनः संरचनाको काममा बढी भन्दा बढी जनतालाई सहभागिता गराउन नसक्नुको कारणले जनताको मुद्दा राम्रो सँग उठ्न नसक्नु मात्र होइन अपव्याख्या समेत हुने गरेकोले यस वहसलाई सार्थक र सकारात्मक दिशातर्फ उन्मुख गर्न अनिवार्य भएकाले ।

१७. हाल स्थानीय निकायमा कार्यकारी तथा परिषदको भूमिका निर्वाह गर्ने एक जना व्यक्ति तोकिएको कारण जवाफदेहिता, पार्दर्शीता, समावेशीता तथा शक्तिको पृथकीकरण र सन्तुलन जस्ता लोकतान्त्रिक मूल्य र मान्यतामा ह्रास आएकोले ।

१८. स्थानीय निकायहरु (जिल्ला, नगर र गाउँ) मा करिब सवा दुईलाख जनप्रतिनिधिहरु, जसको एक तिहाई अर्थात लगभग ७० हजार महिलाहरु राज्य सञ्चालन र नेतृत्व विकासको अवसरबाट बञ्चित भईरहेकाले ।